## ऐन संख्या : ५

## सभाबाट स्वीकृत मितिः २०७४/११/२९

# परिवर्तन गाउँपालिकाको आर्थिक ऐन, २०७४

परिवर्तन गाउँपालिका

रोल्पा जिल्ला

५ नं. प्रदेश

परिवर्तन गाउँपालिका

# परिवर्तन गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

## प्रस्तावनाः

परिवर्तन गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम,

परिवर्तन गाउँ सभाले यो अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने सम्बन्धी ऐन बनाई लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि परिवर्तन गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले परिवर्तन गाउँपालिकाको आर्थिक ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले परिवर्तन गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँ पालिका" भन्नाले परिवर्तन गाउँपालिका सम्झनु पर्छ ।

(घ) "फर्म" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भए वा नभएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिनुपर्ने दायित्व भएको जुन सुकै व्यक्ति सम्झनु पर्छ ।

(च) "सभा" भन्नाले परिवर्तन गाउँ पालिकाको सभा सम्झनु पर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची-(१) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)ः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची- (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल,ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची- (३)बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-(४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-(५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची-(६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-(७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची-(८)बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम

परिवर्तन गाउँपालिका

हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची-(९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र यार्बफ्टीङ्ग शुल्कः**
गाउँ पालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्यारफ्टीङ्गसेवा वा व्यवसाय सञ्चालन गरेवारत अनुसूची-(११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि-(१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरूवाट अनुसूची-(१३)मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।
तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुट नहुनेः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूची -१**
**(दफा ३ सँग सम्वन्धित)**
**एकिकृत सम्पत्ति कर / घरजग्गा करका दरहरू**

| क्र.सं. | करका क्षेत्र/विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

परिवर्तन गाउँपालिका

**अनुसूची -२**
**(दफा ४ सँग सम्बन्धित)**
**भूमिकर (मालपोत) दरहरू**

| क्र.सं. | जग्गाको क्षेत्रफल/विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**अनुसूची -३**
**(दफा ६ सँग सम्बन्धित)**
**घरबहाल करका दरहरू**

| क्र.सं. | घरबहाल कर/विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

परिवर्तन गाउँपालिका

**अनुसूची -४**
**(दफा ६ सँग सम्बन्धित)**
**व्यवसाय करका दरहरू**

| क.सं. | व्यवसायको विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**अनुसूची -५**
**(दफा ७ सँग सम्बन्धित)**
**जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरू**

| क.सं. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

परिवर्तन गाउँपालिका

**अनुसूची -६**
**(दफा ८ सँग सम्बन्धित)**
**सवारी साधन कर**

| क्र.सं. | सवारी साधनको विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**अनुसूची -७**
**(दफा ९ सँग सम्बन्धित)**
**विज्ञापन कर**

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

परिवर्तन गाउँपालिका

**अनुसूची -८**
**(दफा १० सँग सम्बन्धित)**
**मनोरञ्जन कर**

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**अनुसूची -९**
**(दफा ११ सँग सम्बन्धित)**
**बहाल विटौरी शुल्क**

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

परिवर्तन गाउँपालिका

**अनुसूची -१०**
**(दफा १२ सँग सम्बन्धित)**
**पार्किङ्ग शुल्क**

| क.सं. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**अनुसूची -११**
**(दफा १३ सँग सम्बन्धित)**
**ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क**

| क.सं. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

परिवर्तन गाउँपालिका

**अनुसूची -१२**
**(दफा १४ सँग सम्बन्धित)**
**सेवा शुल्क, दस्तुर**

| क्र.सं. | सेवाको विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**अनुसूची -१३**
**(दफा १५ सँग सम्बन्धित)**
**पर्यटन शुल्क**

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

परिवर्तन गाउँपालिका